मेलम्ची नगरपालिका

मर्मत संभार विशेष कोष संचालन निर्देशिका, २०७८

नगर कार्यपालिकाबाट स्वीकृत मिति २०७८/....../.

**प्रस्तावना :** नगरपालिकाको सर्वाङ्गिण विकास भौतिक विकास सँग जोडिएको हुन्छ । भौतिक पूर्वाधारको विकास विना अन्य विकासहरु गर्न असम्भव प्राय: हुन्छ । निर्माण भएका संरचनाहरुको उचित रेखदेद तथा हेरचाहको अभावका कार्णले समेत समय नपुगी प्रयोग गर्न नमिल्ने भएका हुन्छन् । नगरपालिकाबाट निर्माण भएका सडक, खानेपानी, पुल , भवन तथा सिंचाई लगायतका पूर्वाधार योजनाहरुलाई व्यवस्थित एवं दीगो बनाउनका लागि प्रत्येक योजनाहरु समयमा नै मर्मत संभार गर्न आवश्यक हुन्छ । यसरी गरिनु पर्ने मर्मत संभार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (१) बमोजिम मर्मत संभार विशेष कोष संचालन एवं व्यवस्थापन गर्नेका लागि मेलम्ची नगरपालिका सिन्धुपाल्चोकद्धारा यो मर्मत संभार विशेष कोष निर्देशिका, २०७८ तयार गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :-**

(क) यो निर्देशिकाको नाम "मर्मत संभार विशेष कोष संचालन निर्देशिका, २०७८" रहेको छ ।

(ख) यो निर्देशिका मेलम्ची नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. **परिभाषा :-** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा ;

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "विशेष कोष" भन्नाले मर्मत संभार विशेष कोषलाई सम्झनु पर्दछ ।

(ग) "निर्देशिका" भन्नाले मर्मत संभार विशेष कोष निर्देशिका, २०७८ लाई सम्झनु पर्दछ ।

(घ) "व्यवस्थापन समिति" मर्मत संभार विशेष कोष संचालन समितिलाई सम्झनु पर्दछ ।

(ङ) "आन्तरिक श्रोत" भन्नाले नगरपालिकाको आन्तरिक श्रोत सम्झनु पर्दछ ।

(च) "संयोजक" भन्नाले मर्मत संभार विशेष कोष संचालन समितिका संयोजकलाई सम्झनु पर्दछ ।

(छ) "सदस्य सचिव" भन्नाले मर्मत संभार विशेष कोय व्यवस्थापन समितिको सदस्य सचिवलाई सम्झनु पर्दछ ।

(ज) "सदस्य" भन्नाले मर्मत संभार विशेष कोष व्यवस्थापन समितिको सदस्यलाई सम्झनु पर्दछ ।

(झ) "सामान्य प्रकृति" भन्नाले सैद्धान्तिक, व्यवहारिक एवं आर्थिक रुपबाट दीर्घकालिन असर नहुने भनी सहजै पुष्टि हुने प्रकृतिका सामान्य निर्णय एवं काम कारवाहीलाई सम्झनु पर्दछ ।

(ञ) "उपभोक्ता समिति" भन्नाले कोषबाट संचालन हुने योजनाका उपभोक्ता समितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२
## लक्ष्य, उद्देश्य तथा नीतिहरु

**३. लक्ष्य :-**

(क) मेलम्ची नगरपालिका, सिन्धुपाल्चोकबाट निर्माण गरिने सम्पूर्ण योजनाहरुको दीगोपन स्थापित गर्ने ।

(ख) संघीय तथा प्रदेश सरकारबाट निर्माण भएका सडक तथा अन्य पूर्वाधारहरुको रेखदेख तथा सुरक्षा गर्ने र सो कार्यको लागि आवश्यकता र औचित्यताको आधारमा कार्वाहीको लागि सम्बन्धित निकायमा पठाउने ।

**४. उद्देश्य :-**

(क) मेलम्ची नगरपालिकाबाट संचालन भएका योजनाहरुको मर्मत संम्भारका लागि सबै सरकारी तथा गै.स.स.हरुसँग समन्वय गर्ने ।

(ख) निर्माण भएका योजनाहरुको तथ्याङ्क अद्यावधिक गर्ने ।

(ग) भौतिक संरचनाको निर्माण गर्नु पूर्व वातावरणमैत्री प्रणालीमा जोड दिने ।

(घ) संस्थागत क्षमताको हिसाबले कमजोर देखिएका तथा न्यून भौतिक पूर्वाधार भएका अन्य विषयगत निकायहरुलाई सहयोग पुर्याउने ।

(ङ) विकास निर्माणको क्षेत्रमा कार्य गर्ने सबै सरकारी तथा गैर सरकारी संस्थाहरुलाई मर्मत संभारको लागि समन्वय गर्ने ।

(च) मर्मत संभार विशेष कोष संचालन प्रक्रिया र कार्यविधिलाई सरल, स्पष्ट र पारदर्शी बनाउने ।

**५. <u>नीतिहरु :-</u>**

(क) मेलम्ची नगरपालिकाबाट निर्माण भएका र मर्मत संभार गर्नुपर्ने अवधी पुगेका योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

(ख) सरकारी तथा गैर सरकारी संस्थाहरुको लागत सहभागितामा गरिने मर्मत संभारका योजनाहरुलाई प्राथमिकता दिइनेछ ।

(ग) संघीय तथा प्रदेश सरकारबाट निर्माण सम्पन्न भएका सडक तथा अन्य पूर्वाधारको नियमन गर्ने तथा नियमन गर्दा मनासिव कारण बेगर भएका मर्मत गर्नुपर्ने वा निर्माण भएको पूर्वाधारलाई असर गर्ने गतिविधिलाई निरुत्साहित गर्न व्यवस्थापन समितिको निर्णयबाट जरिवाना गराउने ।

(घ) मर्मत संभार कोषको स्थापना गरी योजनाहरुको दीगोपनाको लागि उपभोक्ता समितिहरुलाई परिचालन गर्ने कार्यमा जोड दिइनेछ ।

(ङ) मर्मत संभार कार्यलाई एकरुपता ल्याई सबै योजनाहरुको एकद्धार प्रणालीबाट मर्मत संभार गरिने नीति अवलम्बन गरिनेछ ।

## परिच्छेद-३

## समिति गठन, काम, कर्तव्य र अधिकार

**६. <u>मर्मत संभार विशेष कोष व्यवस्थापन समितिको गठन तथा कार्यावधी :-</u>**

(क) मर्मत संभार विशेष कोष संचालन तथा आवश्यक नीति, निर्देशन प्रदान गर्नको लागि देहाय बमोजिमको एक व्यवस्थापन समिति गठन गरिनेछ ;

| | |
|---|---|
| नगर प्रमुख | -संयोजक |
| नगर उपप्रमुख | -सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | -सदस्य |
| पूर्वाधार विकास समिति संयोजक | -सदस्य |
| नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य १जना | -सदस्य |
| पूर्वाधार विकास शाखा प्रमुख वा इन्जिनियर | -सदस्य |
| योजना शाखा प्रमुख | -सदस्य सचिव |

आवश्यकता अनुसार विभिन्न सरकारी निकाय तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरुलाई विषय विशेषज्ञको रुपमा व्यवस्थापन समितिको बैंठकमा सहभागी हुन आमन्त्रित गर्न सकिनेछ।

(ख) नगर कार्यपालिकाको निर्वाचन कार्यावधी नै मर्मत संभार विशेष कोष व्यवस्थापन समितिको कार्यावधी हुनेछ।

## ७. व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :-

(क) मेलम्ची नगरपालिकाको भौतिक पूर्वाधारहरुको मर्मत संभारका कार्यक्रमहरु योजनाबद्ध ढंगले अघि बढाउनका लागि सम्बद्ध सबै निकायहरुसँग समन्वय गर्ने गराउने।

(ख) खानेपानी, सडक, भवन, संचाई तथा झोलुङ्गेपुलहरुको मर्मत संभार सम्बन्धी एकीकृत वार्षिक कार्यक्रम तयार गरी नगर कार्यपालिकाबाट अनुमोदन गराई कार्यान्वयनका लागि सबै निकाय सँग समन्वय गर्ने गराउने।

(ग) नगरपालिकासँग संचालन भएका खानेपानी, सडक, भवन तथा झोलुङ्गेपुलहरुको सम्बन्धित निकायसँग समन्वय गरी निरीक्षण, अनुगमन, मुल्याङ्कन, समिक्षा गरी गराई प्रतिवेदन तयार गर्ने गराउने।

(घ) भौतिक पूर्वाधार निर्माणको क्षेत्रमा कार्य गर्ने गैर सरकारी संघ संस्थाहरुको विवरण तयार तथा अद्यावधिक गरी राख्ने।

(ङ) दफा ५ (ग) सम्बन्धी कार्य तथा यस निर्देशिकाको संचालन तथा उपयोगिताको सम्बन्धमा नीतिगत तथा कार्यान्वयनगत निर्णयहरु गर्ने।

(च) मर्मत संभार विशेष कोषको आर्थिक लेखा प्रणाली एवं प्रशासनिक कार्यहरुको निरीक्षण गर्ने तथा यस सम्बन्धमा आवश्यक निर्णयहरु लिने।

## ८. संयोजकको काम, कर्तव्य र अधिकार :-

(क) व्यवस्थापन समितिको बैंठक बोलाउने, निर्देशन दिने तथा सबै कार्यहरुको नेतृत्व गर्दै संयोजकत्व गर्ने एवं भएका निर्णयहरु प्रमाणित गर्ने।

(ख) खानेपानी, सडक, भवन, सिंचाई, झोलुङ्गेपुल लगायतका भौतिक पूर्वाधारहरुको मर्मत संभार योजना निर्माण गरी वार्षिक रुपमा नगर कार्यपालिकामा पेश गरी स्वीकृत गराउने।

(ग) मर्मत संभार गर्नुपर्ने योजनाहरुको वार्षिक तथ्याङ्क अद्यावधिक गर्ने।

(घ) कोषको दीगोपनाका लागि आर्थिक श्रोत जुटाउन संघीय तथा पर्देश सरकार र अन्य दातृ संस्थासँग समन्वय गर्ने ।

(ङ) मर्मत संभार विशेष कोषबाट मर्मत संभार गर्न नसकिने योजनाहरुको मर्मत संभारका लगि सम्बन्धित निकायहरुमा सिफारिस गर्ने ।

(च) मर्मत संभार गर्दा उत्पन्न हुने कुनै पनि किसिमका विवाद, द्धन्द्धहरुको व्यवस्थापन गर्न नेतृत्वदायी भूमिका निर्वाह गर्ने गराउने ।

**९. सदस्य सचिवको काम, कर्तव्य र अधिकार :-**

(क) मर्मत संभार क्रियाकलापहरुको लागि नगरपालिकाको सम्पर्क व्यक्तिको रुपमा कार्य गर्ने ।

(ख) व्यवस्थापन समितिबाट भएका निर्णय कार्यान्वयन गर्ने गराउने ।

(ग) मर्मत संभार सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने गराउने ।

(घ) मर्मत संभारका लागि आवश्यक समन्वय गर्ने गराउने ।

(ङ) व्यवस्थापन समितिको सबै प्रकारका बैंठकहरुका सम्बन्धमा निर्देशन भए अनुसार सूचना गर्ने गराउने ।

(च) समय समयमा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने गराउने ।

**१०. सदस्यहरुको काम, कर्तव्य र अधिकार :-**

(क) व्यवस्थापन समितिको सबै बैंठकहरुमा सक्रिय सहभागिता जनाई अर्थपूर्ण योगदान गर्ने ।

(ख) समितिबाट निर्णय भए वा तोकिए अनुसार सुम्पिएका आफ्नो जिम्मेवारी प्रति उत्तरदायी हुने ।

(ग) योजनाहरुको दीगोपनाका लागि रचनात्मक भूमिका निर्वाह गर्दै कार्यक्रमहरु बनाउने तथा बनाउन सहयोग गर्ने ।

(घ) मर्मत संभारमा हुने कुनै पनि प्रकारका विवाद व्यवस्थापनका लागि सकारात्मक भूमिका निर्वाह गर्ने ।

(ङ) समय समयमा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने गराउने ।

## परिच्छेद-४

बैंठक तथा कार्य प्रणाली

**११. व्यवस्थापन समितिको बैंठक संचालन तथा सुविधा :-**

(क) व्यवस्थापन समितिको बैंठक आवश्यकता अनुसार जुनसुकै समयमा बस्न सक्नेछ ।

(ख) व्यवस्थापन समितिका पदाधिकारीहरुले नगर कार्यपालिकाका सदस्यहरुले पाए सरह बैंठक बसेको समयको बैंठक भत्ता तथा सुविधा पाउनेछन् ।

(ग) व्यवस्थापन समितिका सबै पदाधिकारीहरुले कार्य सम्पादन गरे वापत नियमानुसारको पारिश्रमिक तथा भत्ता रकम प्राप्त गर्न सक्नेछन् ।

१२. बैठक कार्य प्रणाली :-

(क) व्यवस्थापन समितिको बैंठक बोलाउन व्यवस्थापन समितिको संयोजकले सदस्य सचिवलाई निर्देशन दिईनेछ ।

(ख) बैंठक बस्नु पूर्व व्यवस्थापन समितिका पदाधिकारीहरुलाई सदस्य सचिवले बैंठकका प्रस्तावहरु, मिति, समय र स्थान बारे मौखिक वा लिखित रुपमा सदस्यहरुलाई जानकारी गराई सूचना दिनु पर्नेछ ।

## परिच्छेद-५

## कोष स्थापना तथा संचालन

**१३. कोषको स्थापना :-** (१) यस कोषमा देहाय बमोजिमका रकम जम्मा गरिनेछ :

(क) नगरपालिकाबाट वार्षिक रुपमा विनियोजित रकम,

(ख) संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान रकम,

(ग) नगरपालिकाबाट मर्मत संभारको लागि कट्टी गरिएको रकम ,

(घ) अन्य कुनै व्यक्ति, सरकारी निकाय, गैरसरकारी संघ संस्था तथा दातृ निकायबाट प्राप्त अनुदान सहयोग रकम ।

(२) कोषको खाता :- मर्मत संभार विशेष कोषको नामबाट नेपाल राष्ट्र बैंकबाट "क" वर्गको मान्यता प्राप्त सरकारी बैंकमा कोषको खाता आर्थिक प्रशासन प्रमुख र प्रमुख प्रशासकीय अधिकृतको नाममा संचालन गरिनेछ ।

(३) कोषको उपयोग क्षेत्र :- यस कोषमा रहेको रकम विषयगत क्षेत्र अनुसार देहाय बमोजिमका योजनाहरुको मर्मत संभार कार्यमा खर्च गरिनेछ :

(क) सडक : नगरपालिका तथा वडा कार्यालय जोडिने सडक र कालोपत्रे सडक।

(ख) खानेपानी तथा सरसफाई : इन्टेक मर्मत, पाईपलाईन थप गर्ने, धारा मर्मत एवं सार्वजनिक शौचालय मर्मत सम्बन्धी कार्य।

(ग) भवन : नगरपालिकाबाट निर्माण गरिएका सार्वजनिक भवन मर्मत सम्बन्धी कार्य।

(घ) सिंचाई : मागको आधारमा छनौट गरिएका सिंचाई कुलो मर्मत सम्बन्धी कार्य।

(ङ) झोलुङ्गे पुल : नियमित मर्मत सम्बन्धी कार्य।

(४) कार्यक्रम व्यवस्थापन समितिबाट तर्जुमा गरी गराई नगर कार्यपालिकाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरु मात्र यस कोषबाट खर्च गरिनेछ तर विपदको कार्ण हुने क्षतिको हकमा नगरस्तरीय विपद व्यवस्थापन समितिको सिफारिसमा मर्मत संभार व्यवस्थापन समितिका संयोजकसँग लिखित अनुमती लिई यस कोषबाट खर्च लेख्न सकिनेछ।

(५) यस कोषको दीगोपनाको लागि निर्देशिकाको दफा १३ अनुसार यस कोषमा योगदान गर्ने क्षेत्रहरुमा विशेष प्राथमिकता दिई कार्यान्वयनमा विशेष जोड दिईनेछ।

## परिच्छेद-६

## योजना तथा कार्यक्रम संचालन

१४. **योजना तथा कार्यक्रम छनौट :** निम्नानुसारका योजना तथा कार्यक्रमहरु यस कोषबाट व्ययभार भैं संचालन तथा छनौट हुन सक्नेछन ;

(क) स्थानीय सरकार संचालन ऐन, २०७४ र तत् सम्बन्धी बनेका नियम, कार्यविधि तथा नीति अनुसार योजना तर्जुमा प्रक्रिया पुरा गरेर नगर कार्यपालिकाबाट पारित भएका योजना तथा कार्यक्रम,

(ख) तत्काल मर्मत संभार गर्न आवश्यकता देखिएका र तत्काल मर्मत संभार गरी प्रयोगमा ल्याउन सकिने योजनाहरु,

(ग) स्थानीय साधन श्रोतको बढी प्रयोग हुने योजनाहरु,

(घ) नियमित/आवधिक/आकस्मिक मर्मत संभार गर्नुपर्ने योजनाहरु,

(ङ) जनसहभागिता स्वरुप कम्तिमा तीस प्रतिशत रकम भन्दा बढी लागत सहभागिता रहने योजनाहरु ।

१५. **योजना तथा कार्यक्रम प्राथमिकताको आधार** : स्थानीय सरकार संचालन ऐन, २०७४ तथा सो अन्तर्गत बनेका कानून अनुसार योजनाहरुको मर्मत संभार गरी दीगोपन दिनको लागि छनौटका प्राथमिकताको आधार देहाय बमोजिम हुनेछन ;

(क) नगर कार्यपालिकाबाट स्वीकृत भएका योजनाहरुमा रितपूर्वक निवेदन र प्रस्ताव प्राप्त भएका योजनाहरु,

(ख) कम लागतमा बढी भन्दा बढी उपभोक्तालाई प्रत्यक्ष लाभ पुग्ने योजनाहरु,

(ग) वातावरणमैत्री, बालमैत्री, अपाङ्गमैत्री योजनाहरु,

(घ) विगतमा यस कोषबाट लाभ नलिएका सीमान्तकृत भौगोलिक क्षेत्र तथा समुदायसँग सम्बन्धित योजना तथा कार्यक्रमलाई व्यवस्थापन समितिले सोझै प्राथमिकतामा राख्न सक्नेछ ।

१६. **योजना तथा कार्यक्रम प्रस्ताव गर्ने प्रक्रिया** :- (१) स्थानीय सरकार संचालन ऐन अनुसार योजना तर्जुमा भै नगर कार्यपालिकामा पेश हुने बाहेक विभिन्न सरकारी निकाय, गैरसरकारी संघ संस्थाबाट आवश्यकता पहिचान गरी लागत सहभागिताको आधारमा संचालन गर्न व्यवस्थापन समितिमा पेश गरिने योजना कार्यक्रमहरु प्रस्ताव गर्दा निम्नानुसार गर्नुपर्नेछ ।

(क) आवश्यकता पहिचान भएको आधारहरु स्पष्ट हुने प्रमाणहरु संलग्न राखि योजना तथा कार्यक्रमको प्रस्ताव आधिकारिक पत्र सहित व्यवस्थापन समिति समक्ष पेश गर्नुपर्नेछ,

(ख) उपदफा (क) अनुसार प्राप्त प्रस्तावलाई व्यवस्थापन समितिले अध्ययन गरी नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(२) व्यवस्थापन समितिले आवश्यकता पहिचान गरी तर्जुमा गरेका योजना तथा कार्यक्रमहरु व्यवस्थापन समितिबाट नगर कार्यपालिकामा पेश गर्दा आवश्यकता पहिचान भएको आधारहरु पुष्टि हुने प्रमाणहरु संलग्न राखिएको योजना तथा कार्यक्रमको प्रस्ताव मात्र पेश गर्नुपर्नेछ ।

(३) विपद लगायतको विशेष अवस्थाबाट योजना तथा कार्यक्रम संचालन गर्नुपर्ने अवस्था सिर्जना भएमा व्यवस्थापन समितिका संयोजक तथा सदस्य सचिवले मात्र निर्णय गराई योजना तथा कार्यक्रम संचालन गर्न सक्नेछन तर अवस्था सहज भएपश्चात नगर कार्यपालिकाबाट उक्त निर्णय अनुमोदन गराउनु पर्नेछ।

१७. **सम्झौता तथा फरफारक प्रक्रिया :-** यस कोषमा व्यवभार हुने गरी नगर कार्यपालिकाबाट स्वीकृत भएका योजना तथा कार्यक्रमहरुको सम्झौता तथा फरफारक प्रक्रिया नगरपालिकाको प्रचलित नियमानुसार हुनेछ भने अन्तिम भुक्तानीको हकमा कार्यसम्पन्न प्रतिवेदन, जाँचपाँस र अनुगमन प्रतिवेदन आवश्यक हुनेछ।

## परिच्छेद- ७

## विविध

१८. **कारवाही हुने :** संघीय सरकार तथा प्रदेश सरकारबाट निर्माण भएका सडकमा ट्रिपर लगायत निर्माण सामाग्री ढुवानी गर्ने साधनले निर्माण सामाग्री खसाल्ने तथा पानी चुहाउने कार्य गरेमा रु ५००० देखी २५००० सम्म जरिवाना गराउन सक्नेछ।

१९. **विवरण सार्वजनिक गर्ने :** कोषबाट संचालित योजना तथा कार्यक्रम सम्पन्न भएपश्चात भौतिक उपलब्धी र खर्च सम्बन्धी विवरण सरोकारावालाहरुबीच सार्वजनिक गरी सो को लिखित प्रति व्यवस्थापन समिति मार्फत नगर कार्यपालिकामा पेश गर्नु पर्नेछ।

२०. **लेखा परीक्षण :** यस कोषको सम्पूर्ण खर्चको लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट गराउनु पर्नेछ।

२१. **बाधा अड्काउ फुकाउ :** यस निर्देशिका कार्यान्वयन वा योजना तथा कार्यक्रम संचालन सम्बन्धमा कुनै वाधा अड्काउ परेमा व्यवस्थापन समितिले निर्णय गरी वाधा अड्काउ फुकाउन सक्नेछ। तर सो निर्णय नगर कार्यपालिकाबाट अनुमोदन गर्नु पर्नेछ।

२२. **अमान्य हुने :** यस निर्देशिकामा व्यवस्था भएका कुराहरु यस सम्बन्धी संघीय तथा प्रदेश सरकारबाट जारी भएको कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वत: अमान्य हुनेछ।

२३. **खारेजी तथा बचाउ :** (१) यस प्रकारको कोष सम्बन्धमा यस भन्दा अगाडी भएका निर्णयहरु यस निर्देशिकाको कार्यान्वयन पछि खारेज हुनेछन् । तत् सम्बन्धी भएका निर्णयहरु यसै निर्देशिका अनुसार भएको मानिनेछ ।

(२) यस निर्देशिकाको कार्यान्वयन पछि यस कोष सम्बन्धी विषयहरुमा यसै निर्देशिका बमोजिम कार्य सम्पादन गर्नु पर्नेछ ।

**आज्ञाले :**

(कुमार प्रसाद कोइराला)

प्रमुख प्रशासकीय अधिकृत